**विपन्न लक्षित छात्रवृत्तिको लागि फाराम भराउने सम्बन्धी शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको अत्यन्त जरुरी सुचना ।**

विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि, २०७४ मा भएको व्यवस्था अनुसार आ.व. ०७५/७६ बाट ७७ वटै जिल्लाका सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा ९ देखि १२ कक्षामा अध्ययनरत विद्यार्थीका लागि **विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन गरिने भएकाले देहाय अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना जारी गरिएको छ ।**

**(क)** गतवर्ष कक्षा ८ र कक्षा ११ मा फाराम भराइएका २५ जिल्ला सहित बाँकी जिल्लाहरुले पनि यस शैक्षिक सत्रमा सामुदायिक विद्यालयको कक्षा ८ मा अध्ययन गरिरहेका बालबालिकाहरु, कक्षा १० मा अध्ययन गरिरहेका बालबालिकाहरु र वि.सं.२०७४ सालको एसइइ परीक्षामा तोकिएको जिपिए ल्याइ यस वर्ष कक्षा ११ मा सामुदायिक विद्यालयमा विज्ञान तथा विज्ञान बाहेकका अन्य विषयहरु अध्ययन गर्ने छात्रछात्राहरु मध्ये तोकिएको छात्रवृत्ति प्राप्त गर्न इच्छुक सबै छात्रछात्राहरुले यो फाराम भर्नु पर्नेछ ।

(ख) तथ्याङ्क भर्नका लागि आवश्यक सफ्टकपी वा फारम स्थानीय तह मार्फत विद्यालयहरुलाई उपलब्ध हुनेछ । स्थानीय तहहरुलाई आवश्यक सफ्टकपी वा फारम जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइले उपलब्ध गराउने छ । विद्यालयहरुले उक्त सफ्ट कपी वा फारम शिक्षा विकास तथा समन्वय इकाइ मार्फत सोझै प्राप्त गर्न पनि सक्नेछन् ।

(ग) प्रत्येक विद्यालयको छुट्टाछुट्टै सफ्टकपी हुने र सोही सफ्टकपीमा बुँदा नं.क मा उल्लेखित विद्यार्थीहरुको तोकिएको सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्ने व्यवस्था विद्यालयले मिलाउनु पर्नेछ ।

(घ) विद्यालयले तोकिएको समयमा विवरण भरी स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइ समक्ष बुझाउने कर्तव्य सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(ङ) शिक्षा तथा समन्वय इकाइले सफ्टकपी वाफारम उपलब्ध गराउने र कार्तिक पहिलो हप्ता सम्म विवरण भरी वा भर्न लगाई विद्यालयबाट स्थानीय तहमा तथा आफ्नो इकाइमा बुझाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) विद्यालयले तथ्याङ्क प्रविष्टि गरिसकेपछि त्यसको सफ्टकपी वा फारम स्थानीय तहलाई अनिवार्य बुझाउनु पर्नेछ । साथै अर्को कपी शिक्षा विकास तथा समन्वय इकाइलाई बुझाउनु पर्नेछ ।

(छ) कार्तिक महिनाभित्र यसरी संकलित विवरणको सफ्टकपी वा फारम शिक्षा तथा मानवस्रोत विकास केन्द्र वा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको कार्यालयमा पठाउने व्यवस्था हुन अनुरोध छ ।

(ज) उक्त फारामको नमूना यसै सूचनासाथ प्रकाशित गरिएको छ । यो फाराम स्थानीय तह वा विद्यालय वा विद्यार्थीले सोझै शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np वा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिका वेभसाइट www.sfafdb.edu.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

(झ) यो फाराम भरेका विद्यार्थी मध्ये छात्रवृत्ति पाउन योग्य भई छनौटमा परेका कक्षा ८ का विद्यार्थीहरुले २०७६ साल वैशाखको शैक्षिक सत्रमा कक्षा ९ मा भर्ना भएपछि, कक्षा १० का विद्यार्थीहरुले २०७५ को एसइई परीक्षामा नतिजा प्राप्त गरे पश्चात २०७६ मा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुले पाउन सक्नेछन् ।

पुनश्च : यस सम्बन्धी थप जानकारी आवश्यक परेमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको समावेशी शिक्षा शाखामा सम्पर्क गर्न सकिनेछ ।